नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाइट: www.daolalitpur.moha.gov.np

पत्र संख्या:
चलानी नं.:

मिति: २०७८/०६/०१

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय ललितपुर

# संविधान दिवस मनाउने सम्बन्धी सूचना !!!

संविधान दिवस २०७८ को मनाउने सम्बन्धी मिति २०७८/०५/३१ गते प्रमुख जिल्ला अधिकारी श्री ढुण्डी प्रसाद निरौलाज्यूको अध्यक्षतामा बसेको वैठकले यसै साथ संलग्न भएबमोजिम गरेको निर्णय अनुसार गर्न गराउन सम्बन्धीत सबैमा हार्दिक अनुरोध गरिन्छ ।

गणेश बिक्रम शाह
(प्रशासकीय अधिकृत)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

निर्णयहरु:

संविधान दिवस २०७८ यहि असोज २, ३ र ४ गते ३ दिनसम्म हर्षोल्लासपूर्वक भव्यताका साथ मनाउने सन्दर्भमा यस जिल्लामा तपशिल बमोजिमको कार्यक्रम गर्ने:

१। जिल्लास्थित सबै सरकारी, सार्जजनिक कार्यालय र सामुदायिक संघ/संस्थाहरुले आ-आफ्नो कार्यालय र परिसरको सरसफाई गर्ने । साथै सम्बन्धीत कार्यालय सस्थाले आफ्नो कार्यालय परिसरभित्र तथा नजिकमा रहेका मठ-मन्दिर लगायतमा सरसफाई कार्यक्रम संचालन गर्ने ।

२। असोज २ ३ र ४ गते जिल्लाभित्र सरकारी कार्यालय, उद्योग प्रतिष्ठान, शैक्षिक संस्था सामाजिक संघ/संस्था लगायतले साँझ अनिवार्य दिपावली गर्ने गराउने र सर्वसाधारणलाई पनि दिपावली गर्न आव्हान गर्ने ।

३। असोज ३ गते राजदल गण ललितपुरको संयोजकत्वमा स्थानीय सामुदायिक संघ सस्था समेतको सहभागितामा ललितपुर जिल्ला गोदावरी नगरपालिका वडा नं. १३ झरुवारासी स्थित सन्तानेश्वर महादेवको मन्दिर परिसरमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रम संचालन गर्ने ।

४। ललितपुर जिल्लाभित्र रहेका मठमन्दिर, बुद्धविहार, मस्जिद, गुरुद्धार, चर्च लगायत धार्मिक स्थानहरुमा पूजारी/धर्मगुरुलाई नित्य धार्मिक अनुष्ठान/संकल्प गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि जीवन उत्सर्ग गर्ने ज्ञात/अज्ञात शहीदहरुको आत्माको चीरशान्तिको कामना एवं उच्च सम्मान तथा श्रद्धा प्रकट गर्दैं पूजापाठ तथा प्रार्थना गर्न गराउन अनुरोध गर्ने । सबै कर्मचारीहरुले समेत सो अनुसार गर्न गराउन आ-आफ्नो पाएक पर्ने स्थानमा समन्वय गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर